## जानै परे यसरी जाऔं (सुरक्षित तरिका)

*(यदि घरेलु कामबाहेक जस्तै : फ्याक्ट्री, होटल, सेक्युरिटी वा खेतीमा जाँदै हुनुहुन्छ भने)*

- **म्यानपावर बुझौं :** सरकारमा दर्ता भएका म्यानपावर कम्पनीबाट मात्र प्रक्रिया थालौं ।
- **कागज पढौं :** कति तलब ? कति घण्टा काम ? ओभरटाइम छ कि छैन ? सम्झौता पत्र आफैंले पढेर वा जान्ने मान्छेलाई देखाएर मात्र सही गरौं ।
- **तालिम लिऔं :** काम सम्बन्धी सीप र सुरक्षा तालिम लिएर मात्र जाऔं ।
- **स्वास्थ्य जाँच :** सरकारले तोकेको ठाउँमा मात्र मेडिकल गराऔं ।
- **सम्पर्क नम्बर :** दूतावास, कम्पनी र घरको फोन नम्बर सुरक्षित साथमा राखौं ।

### अन्त्यमा, विदेश उड्नु अघि यति कुरा पक्का गरौं :

- म कुन देश जाँदैछु ? त्यो देशमा त्यो काम गर्न जान पाइन्छ कि पाइँदैन ?
- म श्रम स्वीकृति लिएर जाँदैछु कि लुकेर ?
- मलाई पठाउने मान्छे वा संस्था सक्कली हो कि दलाल ?

### शंका लागेमा सोधौं :

- गाउँपालिका / नगरपालिकाको रोजगार संयोजकलाई सोधौं ।
- वैदेशिक रोजगार विभागमा बुझौं ।
- टोल फ्री नम्बर : **११४१** (वैदेशिक रोजगार बोर्ड)मा बुझौं ।

## "बुझेर गए कमाइ, नबुझी गए फँसाइ !"



## "अवैध यात्रा : शोषण र ठगीको खुला ढोका"

**थप जानकारी र सहयोगका लागि सम्पर्क:**

वैदेशिक रोजगार बोर्ड (टोल फ्री) : ११४१
प्रहरी (नेपाल): १००
श्रम मन्त्रालय (सहायता केन्द्र)
कल सेन्टर / सम्पर्क नं.: ०१-५९७००१६
एनआरएनए : ०१-४५११५३० / ४५२६००५
कन्सुलर सेवा विभाग : ०१-५३६०१२१ / टोल फ्री नम्बर : ११५२
स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र र
जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी श्रोत केन्द्र
नजिकैको नेपाली दूतावास

# अवैध बाटो र भिजिट भिसाको पासो



# "छिटो कमाइको लोभमा, जीवन जोखिममा नपारौं"

## के तपाईंलाई थाहा छ ?
### (घरेलु कामको प्रतिबन्ध /पूर्वशर्तहरु )




दिदीबहिनीहरू होसियार ! सरकारले साउदी अरब, कतार, यूएई (दुबई), कुवेत, बहराइन, ओमान, लेबनान र मलेसियामा नेपाली महिला तथा पुरुषलाई **'घरेलु कामदार'** को रूपमा जान रोक (पूर्वशर्तहरू) लगाएको छ ।

- **नयाँ जानेका लागि :** यी देशमा घरेलु काममा जान श्रम स्वीकृति पाइँदैन ।
- **पुरानाका लागि :** पहिले नै श्रम स्वीकृति लिएर गएका र बिदामा आएकाहरूले भने फेरि जान 'पुन: श्रम स्वीकृति' पाउँछन् ।

**होसियार !** यदि गाउँको दलाल वा एजेन्टले "म सेटिङ मिलाएर पठाइदिन्छु, भारतको बाटो वा भिजिट भिसामा जाऔं" भन्यो भने विश्वास नगर्नुहोस् । त्यो सरासर ठगी हो । त्यस्तो बाटोबाट जाँदा तपाईं बेचिन सक्नुहुन्छ वा जेल पर्न सक्नुहुन्छ ।

## अवैध बाटो बाट जाँदा के हुन्छ ?

लुकेर वा कागज नबनाई विदेशमा काम गर्न जाँदा तपाईंको हैसियत 'अवैध' हुन्छ । यस्तो बेला पाइलैपिच्छे खतरा हुन्छ :

- **जेल जाने डर :** त्यहाँको पुलिसले समातेमा सिधै जेल हाल्छ, जरिवाना तिराउँछ र देश निकाला गरिदिन्छ । इज्जत पनि जान्छ, पैसा पनि सकिन्छ ।
- **काम र दामको ठेगान हुँदैन :** कामको कागज नहुने हुँदा साहूले जति काम लगाए पनि गर्नुपर्ने बाध्यता हुन्छ । भनेजति तलब दिँदैन, दिएन भने पनि कतै उजुरी गर्न पाइँदैन ।
- **कुटाइ खाने र यौन शोषणको डर :** साहुले कुटपिट गरेमा, बन्धक बनाएर राखेमा वा यौन दुर्व्यवहार गरेमा गुहार माग्ने ठाउँ हुँदैन ।
- **बिरामी हुँदा आफैले पैसा खर्च गर्नुपर्छ :** बिरामी पर्दा अस्पतालले भर्ना लिँदैन, लिए पनि उपचार खर्च आफैंले तिर्नुपर्छ । सबैभन्दा डरलाग्दो कुरा : यदि अवैध बाटोबाट गएको मान्छेको विदेशमा मृत्यु भयो भने, न शव नेपाल ल्याउन सजिलो हुन्छ, न त परिवारले सरकारबाट एक पैसा क्षतिपूर्ति पाउँछन् ।
- **घर फर्कन सास्ती :** राहदानी र भिसा नहुँदा स्वदेश फर्कन 'ट्राभल डकुमेन्ट' बनाउनुपर्छ, जसका लागि महिनौ कुर्नुपर्ने परिस्थिती हुन सक्छ ।



## "कागजात बिनाको यात्रा, समस्याको सुरुवात"

## भिजिट भिसाको वास्तविकता

- भिजिट भिसा भनेको केही दिनका लागि घुम्न वा आफन्त भेट्न जाने भिसा हो । यसमा गएर काम गर्न पाइँदैन । यो गैरकानुनी हो ।
- दलालहरूले अहिले "भिजिट भिसामा जाऔं, उता पुगेपछि कामको भिसा लगाइदिन्छु" भनेर फसाउने गरेका छन् । यो पासोमा नपरौं ।

### भिजिट भिसामा जाँदा हुने ३ ठूला घाटा :

- **पैसा डुब्ने खतरा :** दलालले "ग्यारेन्टी छ" भनेर लाखौं लिन्छन्, तर उता पुगेपछि काम पाइँदैन । लुकेर काम गर्दा पुलिसले समातेर डिपोर्ट गरिदिन्छ । पछि त्यो देशमा कहिल्यै जान नपाउने गरी कालोसूचीमा परिन्छ ।
- **बिमा र क्षतिपूर्ति शून्य :** भिजिट भिसामा जानेको 'श्रम स्वीकृति' हुँदैन । यदि विदेशमा हात–खुट्टा भाँचिए, बिरामी भए वा मृत्यु नै भए पनि वैदेशिक रोजगार बोर्डबाट पाउने लाखौं रुपैयाँको बिमा र राहत परिवारले पाउँदैनन् ।
- **एक्लै परिन्छ :** समस्या पर्दा दूतावासले पनि "तपाईं अवैध रूपमा आउनुभएको" भनेर उद्धार गर्न गाह्रो मान्छ ।

